प्रधानमन्त्री रोजगार कार्यक्रम/रोजगारीको हक सम्वन्धी संवैधानिक तथा कानुनी व्यवस्था र आधार



प्रधानमन्त्री रोजगार कार्यक्रम/रोजगारीको हक सम्वन्धी संवैधानीक तथा कानुनी व्यवस्था तथा आधार

उच्च स्तरीय व्यवस्था

- रोजगारीको हक सम्बन्धी ऐन २०७५
- रोजगारीको हक सम्बन्धी नियमावली २०७५ दोश्रो संशोधन २०७७

कार्य संचालन संग सम्बन्धीत व्यवस्था

- **प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ दोश्रो संशोधन २०७८**
- **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७**
- **बेरोजगार सूचि निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६**
- **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६**
- **श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८**

कर्मचारी भर्ना छनौट तथा सेवा सुविधा सम्बन्धी व्यवस्था

- **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६**
- **प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धीकानुनी तथा नीतिगत व्यवस्थाहरु



रोजगार सम्बन्धी हक

नेपालको संविधान २०७२

नेपाल राजपत्रमा प्रकाशन मिति: २०७२।०६।०३

नेपालको संविधान (पहिलो संशोधन), २०७२ - २०७२।११।१६

नेपालको संविधान (दोस्रो संशोधन), २०७७ - २०७७।०३।०४

संविधानमा उल्लेखित ३१ हक मध्ये एक

भाग–३ मौलिक हक र कर्तव्य

धारा ३३. रोजगारीको हकः

(१) प्रत्येक नागररकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवश्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ।



संविधानमा उल्लेखित १३ नीतिहरु मध्ये एक भाग–४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

धारा ५१. राज्यका नीतिहरु

(झ) श्रम र रोजगार सम्बन्धी नीतिः

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(४) श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।

नेपालको संविधान



संविधानमा उल्लेखित राज्यको दायित्व

धारा ५२. राज्यको दायित्व

५२. **राज्यको दायित्वः** नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ ।

नेपालको संविधान



अनुसूची—५

(धारा ५७ को उपधारा (१) र धारा १०९ सँग सम्बन्धित)

संघको अधिकारको सूची

क्र.सं.	विषयहरू
१.	रक्षा र सेना सम्बन्धी
	(क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण
	(ख) राष्ट्रिय सुरक्षा सम्बन्धी
२.	युद्ध र प्रतिरक्षा
३.	हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी
४.	केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा
५.	केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ्ग, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण
६.	परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसंघ सम्बन्धी
७.	अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता, सुपुर्दगी, पारस्परिक कानूनी सहायता र अन्तर्राष्ट्रिय सीमा, अन्तर्राष्ट्रिय सीमा नदी,
८.	दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो, टेलिभिजन र हुलाक
९.	भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना
१०.	संघीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा
११.	जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड
१२.	अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत प्रसारण लाइन
१३.	केन्द्रीय तथ्यांक (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर)
१४.	केन्द्रीय स्तरका ठूला विद्युत, सिंचाइ र अन्य आयोजना तथा परियोजना
१५.	केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय
१६.	स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण
१७.	संघीय संसद, संघीय कार्यपालिका, स्थानीय तह सम्बन्धी मामिला, विशेष संरचना
१८.	अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन
१९.	हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल

२०.	राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन
२१.	सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासन सम्बन्धी कानून
२२.	नागरिकता, राहदानी, भिसा, अध्यागमन
२३.	आणविक ऊर्जा, वायुमण्डल र अन्तरिक्ष सम्बन्धी
२४.	बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत)
२५.	नाप—तौल
२६.	खानी उत्खनन
२७.	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्वन सेवा
२८.	बीमा नीति, धितोपत्र, सहकारी नियमन
२९.	भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन
३०.	फौजदारी, देवानी कानूनको निर्माण
३१.	सुरक्षित छापाखाना
३२.	सामाजिक सुरक्षा र गरीबी निवारण
३३.	संवैधानिक निकायहरू, राष्ट्रिय महत्वका आयोगहरू
३४.	पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक
३५.	संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र संघीय कानूनमा नतोकिएको विषय

संघीय सरकारको अधिकार सूची



प्रदेश सरकारको अधिकार सूची

अनुसूची—६

(धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा (३), धारा २३२ को उपधारा (७), धारा २७४ को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित)

प्रदेशको अधिकारको सूची

क.सं.	विषयहरू
१.	प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा
२.	नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरुको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग
३.	रेडियो, एफ. एम, टेलिभिजन सञ्चालन
४.	घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना
५.	प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा
६.	प्रदेश तथ्यांक
७.	प्रदेश स्तरको विद्युत, सिचाइ र खानेपानी सेवा, परिवहन
८.	प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय
९.	स्वास्थ्य सेवा
१०.	प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद सम्बन्धी
११.	प्रदेशभित्रको व्यापार
१२.	प्रदेश लोकमार्ग
१३.	प्रदेश अनुसन्धान ब्युरो
१४.	प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय
१५.	प्रदेश लोक सेवा आयोग
१६.	भूमि व्यवस्थापन, जग्गाको अभिलेख
१७.	खानी अन्वेषण र व्यवस्थापन
१८.	भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग
१९.	प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन
२०.	कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात,
२१.	गुठी व्यवस्थापन

नेपाल कानून आयोग



अनुसूची—७

(धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित)

संघ र प्रदेशको साझा अधिकारको सूची

क्र.सं.	विषयहरू
१.	फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)
२.	आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन
३.	देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था
४.	एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण
५.	पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून
६.	सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना
७.	करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी
८.	टाट पल्टेको र दामासाही सम्बन्धी
९.	औषधि र विषादि
१०.	योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन
११.	सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य
१२.	कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा
१३.	प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता
१४.	सञ्चार माध्यम सम्बन्धी
१५.	उद्योग तथा खनिज र भौतिक पूर्वाधार
१६.	क्यासिनो, चिट्ठा
१७.	प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ
१८.	पर्यटन, खानेपानी तथा सरसफाइ
१९.	चलचित्र, सिनेमा हल, खेलकूद

२०.	बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन
२१.	गरीबी निवारण र औद्योगीकरण
२२.	वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास
२३.	अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग
२४.	भूमि नीति र सो सम्बन्धी कानून
२५.	रोजगारी र बेरोजगार सहायता

संघीय र प्रदेश सरकारको अधिकार सूची

नेपाल कानून आयोग



अनुसूची—८

(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

स्थानीय तहको अधिकारको सूची

क.सं	विषयहरू
१.	नगर प्रहरी
२.	सहकारी संस्था
३.	एफ. एम सञ्चालन
४.	स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन
५.	स्थानीय सेवाको व्यवस्थापन
६.	स्थानीय तथ्यांक र अभिलेख संकलन
७.	स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
८.	आधारभूत र माध्यमिक शिक्षा
९.	आधारभूत स्वास्थ्य र सरसफाइ
१०.	स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
११.	स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ
१२.	गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
१३.	स्थानीय अभिलेख व्यवस्थापन
१४.	घर जग्गा धनी पुर्जा वितरण
१५.	कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
१६.	ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
१७.	वेरोजगारको तथ्यांक संकलन
१८.	कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
१९.	खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा
२०.	विपद व्यवस्थापन
२१.	जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
२२.	भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

स्थानीय सरकारको अधिकार सूची

नेपालको संविधान

अनुसूची—९

(धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

क.सं	विषयहरू
१.	सहकारी
२.	शिक्षा, खेलकूद र पत्रपत्रिका
३.	स्वास्थ्य
४.	कृषि
५.	विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू
६.	सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
७.	वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
८.	खानी तथा खनिज
९.	विपद व्यवस्थापन
१०.	सामाजिक सुरक्षा र गरीवी निवारण
११.	व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक
१२.	पुरातत्व, प्राचीन स्मारक र संग्रहालय
१३.	सुकुम्वासी व्यवस्थापन
१४.	प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी
१५.	सवारी साधन अनुमति

तिनै तहका सरकारको अधिकार सूची



रोजगारीको हक सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति

२०७५।६।२

संवत् २०७५ सालको ऐन नम्बर १७

रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन



रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले समेटेका बिषयहरु

रोजगारीको हक सम्बन्धी ऐन, २०७५

न्यूनतम रोजगारी भन्नाले एक आर्थिक वर्षमा उपलब्ध गराइने कम्तीमा एक सय दिनको अवधि ।

न्यूनतम रोजगार

रोजगारीको हक सम्बन्धी ऐन, २०७५

श्रम, सीप, ज्ञान, स्रोत, साधन र पूँजीको परिचालन गरी कुनै वस्तु वा सेवाको उत्पादन, त्यस्तो वस्तु वा सेवाको व्यापार वा कुनै उद्योग वा व्यापार व्यवसाय सञ्चालन वा त्यस्तै कुनै उद्यम वा आय आर्जन गर्ने कार्य लाई जनाउछ ।

स्वरोजगार

रोजगारीको हक सम्बन्धी ऐन, २०७५

बेरोजगार व्यक्तिको सूचना सङ्कलन, रोजगारीका अवसरहरूको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्न स्थापना भएको रोजगार सेवा केन्द्र लाई जनाउछ ।

रोजगार सेवा केन्द्र

रोजगारीको हक सम्बन्धी ऐन, २०७५

बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम रोजगार दिने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्तर्गतका कार्यालय तथा निकाय र सार्वजनिक संस्थान तथा सङ्गठित संस्था, उद्योग, प्रतिष्ठान तथा कानून बमोजिम सञ्चालनमा रहेका रोजगारमूलक संस्था जनाउँछ । साथै सो शब्दले निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्तिलाई समेत जनाउँछ ।

रोजगारदाता

रोजगारीको हक सम्बन्धी ऐन, २०७५

बेरोजगार सहायता

दफा २०. बेरोजगार सहायता कार्यक्रम

२०. **बेरोजगार सहायता कार्यक्रमः** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बेरोजगार सहायताको लागि देहाय बमोजिमको कार्यक्रम गर्नेछः–

(क) रोजगारीको अवसर सम्बन्धी सूचना उपलब्ध गराउने,

(ख) रोजगारमूलक तथा सीपमूलक तालीम प्रदान गर्ने,

(ग) बैङ्क तथा वित्तीय संस्था मार्फत् स्वरोजगारको लागि सहुलियतपूर्ण ऋण उपलब्ध गराउने,

(घ) स्वरोजगार सृजना गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यक्रम गर्ने।

(२) उपदफा (१) बमोजिमको बेरोजगार सहायता कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

निर्वाह भत्ता | ऐनको दफा २२

२२. **निर्वाह भत्ता दिने:** (१) नेपाल सरकारले रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार उपलब्ध गराउन नसकेमा एक आर्थिक वर्षमा मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकको एक सय दिन बराबरको रकमको पचास प्रतिशत रकम तोकिएको शर्तको अधीनमा रही निर्वाह भत्ता उपलब्ध गराउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बेरोजगार व्यक्तिले एक आर्थिक वर्षमा एक सय दिनभन्दा कम अवधि मात्रै रोजगारी पाएमा एक सय दिन पुग्न बाँकी अवधिको मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकको पचास प्रतिशत बराबरको रकम मात्र निर्वाह भत्ता उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम निर्वाह भत्ता प्राप्त गर्ने बेरोजगार व्यक्तिले तोके बमोजिमको शर्तको पालना गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको निर्वाह भत्ता देहायको अवस्थामा मात्र दिइनेछ:–

(क) परिवारको कुनै पनि सदस्यले तोकिए बमोजिमको रोजगारी नपाएमा,

(ख) नेपाल सरकारले तोकेभन्दा कम वार्षिक आय भएका परिवारलाई,

(ग) परिवारको कुनै पनि सदस्य स्वरोजगार नभएमा,

(घ) परिवारको कुनै सदस्य वैदेशिक रोजगारीमा नगएकोमा।

स्पष्टीकरण: "वैदेशिक रोजगारी" भन्नाले नेपाल सरकारबाट श्रम स्वीकृति लिई विदेशमा काम गर्न गएको अवस्था सम्झनु पर्छ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कोष वा अन्य मुलुक वा अन्तर्राष्ट्रिय वा अन्तरसरकारी सङ्घ, सङ्गठन वा अन्य कुनै संस्थाबाट नियमित निवृत्तभरण वा अवकाश सुविधा लिइरहेका वा सामाजिक सुरक्षा कोष वा नेपाल सरकारको सहायता सम्बन्धी अन्य कोषबाट वा रोजगारदाता नियमित रूपमा कुनै पनि किसिमको सहायता प्राप्त गरेको व्यक्तिको परिवारलाई निर्वाह भत्ता दिइने छैन।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छ:–

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सञ्चित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको स्थानीय संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष।

(६) यस दफा बमोजिम प्रदान गरिने निर्वाह भत्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

निर्देशक समिति | ऐनको परिच्छेद ४

१७. **निर्देशक समिति:**(१) नागरिकको रोजगारीको हकको संरक्षण सम्बन्धी काम कारबाहीको सञ्चालन, रेखदेख तथा निर्देशन गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः–

(क) मन्त्री/राज्यमन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित विषय हेर्ने) – सदस्य

(ग) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सचिव,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय (सम्बन्धित विषय हेर्ने) -सदस्य

(च) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(छ) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -सदस्य

(ज) सहसचिव, मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम हेर्ने) - सदस्य-सचिव

१९. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलव्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्ने सम्बन्धमा प्रदेश सरकार तथा स्थानीय तहलाई मार्गदर्शन गर्ने,

(घ) बेरोजगार व्यक्तिलाई राज्यको तर्फबाट उपलब्ध गराइने बेरोजगार सहायता सम्बन्धी नीति तथा कार्यक्रम तयार गर्ने,

(ङ) बेरोजगार व्यक्तिलाई प्रदान गरिने निर्वाह भत्ताको सम्बन्धमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने,

(च) रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह बीच समन्वय गर्ने,

(छ) बेरोजगार सहायता कार्यक्रमको कार्यान्वयनको मूल्याङ्कन गर्ने।

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५

	नेपाल राजपत्रमा प्रकाशित मिति
	२०७५।१०।२८

संशोधन

१. रोजगारीको हक सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६	२०७६।७।२५
२. रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७	२०७७।४।१९

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दोश्रो संशोधन, २०७७

रोजगार कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

परिच्छेद २ को नियम ३

परिच्छेद-२

रोजगार कार्यक्रम सञ्चालन सम्बन्धी

३. **रोजगार कार्यक्रम सञ्चालन गर्ने**: नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले न्यूनतम रोजगार प्रदान गर्न रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा देहाय बमोजिमका कार्य गर्नेछन्:-

(क) सार्वजनिक क्षेत्रका विकास निर्माणका कार्यक्रम तथा आयोजनामा प्रत्येक आर्थिक वर्षमा सिर्जना हुन सक्ने रोजगारीको आंकलन गर्ने,

(ख) प्रत्येक वर्ष रोजगारी सिर्जनाका लागि आवश्यक कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने,

(ग) रोजगारी सिर्जनाका लागि विभिन्न निकायले कार्यान्वयन गर्ने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गर्नको लागि आवश्यक समन्वय गर्ने,

(घ) रोजगारी सिर्जनाको लागि निजी क्षेत्र तथा गैर सरकारी संघ संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(ङ) रोजगारीको अवसर वृद्धिको लागि स्थानीय स्तरमा उत्पादित वस्तुको खपत तथा उपभोगगर्न विशेष अभियान सञ्चालन गर्ने,

(च) गरिबी निवारण र रोजगारी सृजना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दोश्रो संशोधन, २०७७

रोजगार सेवा केन्द्र सञ्चालन सम्बन्धी

परिच्छेद ३ को नियम ५

परिच्छेद-३

रोजगार सेवा केन्द्र सञ्चालन सम्बन्धी

५. **रोजगार सेवा केन्द्र सञ्चालन:** (१) रोजगार सेवा केन्द्रको सञ्चालनका लागि स्थानीय सेवाको कम्तीमा पाँचौ तह वा सो सरहको रोजगार संयोजक रहनेछ।

(२) रोजगार संयोजकले मन्त्रालय प्रति समेत उत्तरदायी भई ऐन तथा यस नियमावली बमोजिम रोजगार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) .....रोजगार संयोजकलाई सहयोग पुऱ्याउन सम्बन्धित स्थानीय तहले रोजगार सेवा केन्द्रमा कामकाज गर्ने गरी आवश्यककर्मचारी खटाउन सक्नेछ।

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दोश्रो संशोधन, २०७७

परिच्छेद ३ को नियम ६ | रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार

६. **रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार:** रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने,

(ख) सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्रवितरण गर्ने,

(ग) स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,

(घ) स्थानीय तहभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्यांक संकलन गर्ने, रोजगार नक्सांकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखांकन गर्ने,

(ङ) रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने,

(च) रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममाजान सूचित गर्ने,

(छ) बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव, र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,

(ज) आफ्ना कामकारवाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँकार्यपालिका तथा नगरकार्यपालिकामा प्रतिवेदन पेशगर्ने,

(झ) ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारवाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा मासिक रुपमा प्रतिवेदन पठाउने,

(ञ) आफ्नो कार्यक्षेत्र भित्रबाट वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि सूचना सम्प्रेषण गर्ने,

→(ट) वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने,

(ठ) बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता वितरण गर्ने,

*(ठ१)सम्बन्धित स्थानीय तहमा रोजगारी तथा स्वरोजगारी सम्बन्धी कार्य गर्ने अन्य सरकारी निकाय वा त्यस्ता निकायद्वारा सञ्चालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने,

(ड) रोजगार सम्बन्धी सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने ।

प्रदेश निर्देशक समिति | नियमावलीको परिच्छेद ४

११. **प्रदेश निर्देशक समितिः** (१) नागरिकको रोजगारीको हक संरक्षण सम्वन्धी कामको लागिप्रदेश स्तरमा देहाय बमोजिमको एक प्रदेश निर्देशक समिति रहनेछः-

(क) मन्त्री/राज्य मन्त्रीरोजगार सम्वन्धी विषय हेर्नेमन्त्रालय	-अध्यक्ष
(ख) सचिव, रोजगार सम्वन्धी विषय हेर्ने मन्त्रालय	-सदस्य
(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय	-सदस्य
(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	-सदस्य
(ङ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	-सदस्य
(च) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय	-सदस्य
(छ) उपसचिव, रोजगार सम्वन्धी विषय हेर्नेमन्त्रालय	-सदस्य-सचिव

(२)प्रदेश निर्देशकसमितिको सचिवालय प्रदेशको रोजगार सम्वन्धी विषय हेर्ने मन्त्रालयमा रहनेछ ।

१३. **प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्वन्धित प्रदेश भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ग) सम्वन्धित प्रदेश भित्रका बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न लगाउने,

(घ) बेरोजगार व्यक्तिलाई प्रदान गरिने निर्वाह भत्ताको सम्वन्धमा प्रदेश सरकारलाई सुझाव दिने,

(ङ) सम्वन्धित प्रदेश भित्र संचालित बेरोजगार सहायता कार्यक्रमको कार्यान्वयनको मूल्यांङ्कन गर्ने,

(च) सम्वन्धित प्रदेश भित्रका सरकारी, निजी तथा गैरसरकारी निकायहरुसँग रोजगार सृजनाका लागि आवश्यक समन्वय गर्ने,

(छ) समितिले दिएको मार्गदर्शन बमोजिम काम गर्ने ।

स्थानीय निर्देशक समिति | नियमावलीको परिच्छेद

१४. **स्थानीय निर्देशक समिति:** (१) नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको स्थानीय निर्देशक समिति रहनेछ:-

(क) सम्बन्धित गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख -अध्यक्ष

(ख) सम्बन्धित गाउँ कार्यपालिकाको उपाध्यक्ष वा नगर कार्यपालिकाको उपप्रमुख -सदस्य

(ग) गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेका वडा अध्यक्ष दुईजना -सदस्य

(घ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) रोजगार संयोजक -सदस्य-सचिव

(२) स्थानीय निर्देशक समितिको सचिवालय सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकामा रहनेछ ।

१६. **स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सम्बन्धित स्थानीय तह भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति गाउँकार्यपालिका वा नगरकार्यपालिका समक्ष सिफारिस गर्ने,

(ग) सम्बन्धित स्थानीय तह भित्रको बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,

(घ) स्थानीय तहभित्र सञ्चालित रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) समितिले दिएको मार्गदर्शन बमोजिम काम गर्ने ।

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दोश्रो संशोधन, २०७७

रोजगार व्यवस्थापन सूचना प्रणाली

परिच्छेद ६ नियम २२

२२.**रोजगार व्यवस्थापन सूचना प्रणाली** : (१) प्रत्येक रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्ति तथा रोजगारदाताको विवरणको अभिलेख राख्न रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना र सञ्चालन मन्त्रालय मार्फत गरिनेछ ।

(३)उपनियम (१) बमोजिमको रोजगार व्यवस्थापन सूचना प्रणालीलाई नेपाल सरकारले प्रयोगमा ल्याएका अन्य एकिकृत सूचना प्रणालीसँग आवद्धगर्न सकिनेछ ।

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दोश्रो संशोधन, २०७७

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५

(स्वीकृत मिति: २०७५।१०।२५)

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (पहिलो संशेधन) निर्देशिका, २०७७

(स्वीकृत मिति: २०७७।०६।२९)

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (दोश्रो संशेधन) निर्देशिका, २०७८

(स्वीकृत मिति: २०७८।०९।३०)

सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच हुनेछ ।

कार्यक्रमको दीर्घकालीन सोच

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (दोश्रो संशेधन) निर्देशिका, २०७८

आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवद्धन गर्नु यो कार्यक्रमको लक्ष्य हुनेछ ।

कार्यक्रमको लक्ष्य

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (दोश्रो संशेधन) निर्देशिका, २०७८

यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्:

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवद्र्धन र विस्तार गर्ने।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने।

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने।

(च) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचन गर्ने।

कार्यक्रमको उद्देश्य

यस कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारका रणनीतिहरु लिइनेछ:

(क) स्थानीय स्तरमा रोजगारीको प्रवद्र्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने।

(ख) रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तरतहगत समन्वय गर्ने।

(ग) सीपमूलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने।

(घ) तालिम, रोजगार सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सिर्जना गर्ने।

(घ) रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने।

(ङ) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने।

(क) यो कार्यक्रम संघ, प्रदेश र स्थानीय तीनै तहका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक क्षेत्रका आयोजना तथा कार्यक्रमहरुमा सञ्चालन गरिनेछ ।

(ख) संघीय सरकारका विषयगत मन्त्रालयहरु, प्रदेश सरकारका मन्त्रालयहरु र स्थानीय तहहरु आ–आपmनो क्षेत्रभित्र यस कार्यक्रमको कार्यान्वयनमा जिम्मेवार हुनेछन् ।

(ग) यो कार्यक्रम अन्तर्गत रोजगारी सिर्जनाका प्रमुख क्षेत्रहरुमा सडक, खानेपानी, ढल व्यवस्थापन, सिंचाई, ऊर्जा, सहरी विकास, शिक्षा, स्वास्थ्य, पूनर्निर्माण, पर्यटन, वन, सामुदायिक पूर्वाधार, कृषि तथा सहकारी, सूचना प्रविधि, वातावरण संरक्षण तथा जलवायु अनुकुलन वा रोजगार सिर्जना हुन सक्ने अन्य क्षेत्रलाई लिइनेछ ।

(घ) सार्वजनिक निर्माणका क्षेत्र बाहेक निजी, सहकारी तथा गैर सरकारी क्षेत्रमा समेत सम्बन्धित क्षेत्रसँगको सहकार्यमा रोजगारीको सिर्जना गरी न्यूनतम रोजगारीको सुनिश्चितता गर्न सकिनेछ ।

कार्यक्रमको क्षेत्र

स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेका श्रम तथा रोजगारीमा स्थानीय तहको भूमिका

रोजगारीमा स्थानीय तहको भूमिका

स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ दफा ११को उपदफा २ को खण्ड (थ) स्थानीय तहको लागि तोकिएका श्रम र रोजगारी सम्बन्धी कार्यहरु,

- रोजगार तथा बेरोजगारको श्रमशक्तिको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको व्यवस्थापन,
- स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन,
- विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क संकलन तथा व्यवस्थापन ,
- सुरक्षित वैदेशिक रोजगार र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापन,बेरोजगारको तथ्याङ्क सम्बन्धी कार्य,
- रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा संचालन,
- वैदेशिक रोजगारमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको संचालन,
- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनः एकिकरण,
- वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र उद्यमशिलताको उपयोग ,
- बेरोजगारको तथ्याङ्क सम्बन्धी अन्य कार्य ।

संघ प्रदेश र स्थानीय तह अन्तर सम्बन्धका आधार

परिच्छेद २ क्रमश;

संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका आधार : (१) संविधानमा भएको व्यवस्थाका अतिरिक्त संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका अन्य आधार देहाय बमोजिम हुनेछन्:-

(क) राष्ट्रिय हितका आधारभूत विषय,

(ख) राष्ट्रिय गौरव र एकताको संरक्षण,

(ग) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन,

(घ) मौलिक हकको कार्यान्वयन,

(ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,

(च) संविधानका व्यवस्थाहरुको समग्रता र सामञ्जस्यता,

(छ) लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण,

(ज) संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान,

श्रम तथा रोजगारी सम्बन्धमा संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ का मुलभुत व्यवस्था

संघ प्रदेश र स्थानीय तह अन्तर सम्बन्धका आधार

परिच्छेद २

(झ) नेपाली नागरिकबीच समान व्यवहार र सुरक्षा,

(ञ) कानून, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श, सहयोग तथा सूचनाको आदान प्रदान,

(ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण,

(ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण,

(ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन,

(ढ) पारस्परिक सहयोग र सहकार्य,

(ण) समानुपातिक समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन,

(त) नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता,

(थ) व्यापार, वस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय,

(द) संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएको अन्य विषय।

(२) प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको विषयमा कानून बनाउँदा उपदफा (१) मा उल्लिखित विषयलाई समेत आधार मान्नु पर्नेछ।

श्रम तथा रोजगारी सम्बन्धमा संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ का मुलभुत व्यवस्था

श्रम तथा रोजगारी सम्बन्धमा संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ का अन्य मुलभुत व्यवस्था

३. कानुन वा नीति बनाउँदा विचार गर्नु पर्ने,

४. एकल अधिकारको कार्यान्वयन,

५. साझा अधिकारको कार्यान्वयन,

६. संघिय कानुनबाट व्यवस्थितहुने,

७. प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुन सक्ने,

११. समन्वय तथा परामर्श गर्ने,

१६. राष्ट्रिय समन्वय परिषदको गठन

परिच्छेद ५. विवाद समाधान

धन्यवाद